# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०८०/०८१

कोशी प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२५)**

***(नेपाल सम्वत्:११४४ पोहेलागा, १३ विहीवार)***

चिशंखुगढी गाउँपालिकामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम संचालन गर्नका लागि तथा चिशंखुगढी गाउँपालिका र ग्रामीण आँखा केन्द्र, सेर्नाका लागि करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट तपसिलमा उल्लेखित पदहरूमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा रीत पूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | शैक्षिक योग्यता | दरखास्त दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १ | १२/०८०/८१ | सामुदायिक मनोसामाजिक कार्यकर्ता | ४ (चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट (१०+२) वा सो सरह उत्तीर्ण गरेको । | ३००/- | महिला |
| २ | १३/०८०/८१ | चश्मा फिटर | १ (एक) | कक्षा १० पढेको तथा चश्मा फिटिङ्गको तालिम प्रमाणपत्र प्राप्त भएको । | ३००/- | |

१. **शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

२. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-** शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, बायो डाटा, कार्य अनुभव भए अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा प्रचलित कानुन बमोजिमका अन्य कागजातहरू ।

३. **उमेर :-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ (चश्मा फिटरको हकमा १८ वर्ष पुरा भई ३५ ननाघेको)।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८०।११।१० गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ ।

५. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्था :-** तोकिएको दरखास्त दस्तुर यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैक लिमिटेडमा रहेको आन्तरिक राजस्व खाता नं. ०९२००४८६२५४००००३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजस्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने । (Account Name: **CHISANKHUGADI GAUPALIKA-ANTARIK RAJASHWO KHATA GA 1.1**)

६. **परीक्षाको किसिम :-** संक्षिप्त सूचि तथा अन्तर्वार्ता ।

७. **परीक्षाको मिति, समय र स्थान :-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ५ (पाँच) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा अन्तर्वार्ता हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

८. **दरखास्त पेश गर्ने स्थानः** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा अथवा E-Mail मार्फत पनि फाराम भरी दरखास्त पेश गर्न सकिनेछ ।

९. **प्राथमिकताः** सामुदायिक मनोसामाजिक कार्यकर्ताको हकमा लैङ्गिकतामा आधारित हिंसाको क्षेत्रमा वा स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभवी, शैक्षिक योग्यतामा मनोविज्ञान विषय अध्ययन गरेको तथा कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएकाहरुलाई प्राथमिकता दिइनेछ ।

१०. **पारिश्रमिक तथा सेवा सुविधाः** मनोसामाजिक कार्यकर्ताको हकमा १८,१५०/- (यातायात तथा सञ्चार खर्च वापद् थप: ३,०००/-)

११. **करार अवधिः** गाउँ कार्यपालिकाको निर्णयानुसार ।

१२. **कार्यविवरणः** गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

१३. **कार्यक्षेत्रः** चिशंखुगढी गाउँपालिका अन्तर्गत वडा नं. १ (कुइभीर), वडा नं. २ (पोखरे), वडा नं. ५ (सेर्ना) र वडा नं. ६ (भदौरे) ।

सिताराम राई

प्रमुख प्रशासकीय अधिकृत

*द्रष्टव्यः- अन्य थप जानकारीका लागि मोवाइल नं. ९८५२८५५५७१ मा सम्पर्क गर्न सकिनेछ । साथै दरखास्त फाराम गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।*